**जहाँ पुरुषभन्दा महिला सक्रिय छन**
राजकुमार दिक्पाल

अहिले ओखेबजारमा तासजुवा बन्द छ । धनकुटा जिल्लाको डाँडाबजार गाउँ विकास समितिमा पर्ने ओखेबजारमा महिलाहरूको अगुवाइमा तासजुवा बन्द भएको हो ।

गएको जेठको पहिलो हप्ता तास खेल्दै गरेको अवस्थामा त्यहाँको महिला समूहले चारजना व्यक्तिलाई पक्राउ गरेको थियो । अब आइन्दा तास नखेल्ने सर्तमा सबकका साथ ती चारजना व्यक्ति छाडिए । त्यहाँ यदि तास खेल्दै गरेको अवस्थामा भेटिए पाँच सय एक रुपैयाँ जरिवाना गर्ने नियम बनेको छ ।

धनकुटा जिल्लाको सदरमुकामदेखि ठीक पूर्व र तमोर नदीपारिका जम्मा चौधवटा गाविसहरूमा महिलाहरू अत्यन्तै सक्रिय छन् । विशेषगरी सामाजिक काममा त उनीहरूको सक्रियता पुरुषको भन्दा बढी देखिएको छ । यहाँ सामाजिक काममा महिला सक्रियताका लागि ओखेबजारको तासजुवा बन्द त एउटा सानो उदाहरण मात्रै हो ।

ती चौधवटा गाविसमा पनि विशेषगरी बुढीमोरङ, मौनाबुधुक, खुवाफोक, डाँडाबजार, फाक्सिव, राजरानी, बोधेलगायतका गाविसका महिलाहरू त सामाजिक काममा अत्यन्तै सक्रिय देखिन्छन् ।

ती गाविसका प्रायः अधिकांश पुरुषहरू विदेश जाने हुँदा घर सम्हालेर बसेका महिलाहरू सामाजिक काममा जुट्ने गरेका छन् । डाँडाबजारस्थित गैरसरकारी संस्था आकाशकी कोषाध्यक्ष कलावति लिम्बु आफ्नो श्रीमान् पनि कुवेतमा श्रमका लागि गएकै कारण आफू सामाजिक काममा सक्रिय हुनुपरेको बताउँछिन् ।

“यदि श्रीमान् विदेश नजानुभएको भए सायद म सामाजिक काममा सक्रिय हुने थिइनँ कि” कलावति भन्छिन् ।

यस क्षेत्रमा प्रायः त्यस्तो घर भेटिदैन जहाँ कुनै एक व्यक्ति विदेश नगएको होस् । यसरी घरको मूली मानिएका पुरुषहरू धमाधम विदेश गएपछि सामाजिक काममा महिलाहरूले आफ्नो सक्रियता बढाउने अवसर पाएका हुन् ।

अवसरकै कुरा गर्ने हो भने डाँडाबजार गाविसकी मनोनीत वडाध्यक्ष भरतकुमारी बजगाईंलाई उनको श्रीमान्को तुलनामा धेरैले चिन्छन् । उनको श्रीमान् खाडी मुलुकबाट फर्केको वर्ष दिन मात्रै पुग्दैछ । तर श्रीमान् विदेश जानुअघि र पछि भरतकुमारी सामाजिक काममा सक्रिय भएर लागिन् । उनी भन्छिन्( यसरी घरबाट आफू सक्रिय हुने अवसर पाएकैले होला मैले राम्रो सामाजिक हैसियत बनाउन सकेकी छु ।

यसरी श्रीमान् विदेश गए पनि आफ्नै गाउँठाउँमा बसेर सामाजिक काममा सक्रिय रहँदा महत्वपूर्ण सामाजिक प्रतिष्ठा आर्जनको अवसर पाउनेमध्ये बुढीमोरङ गाविसकी अध्यक्ष श्रीमती महिन सुब्बा एक हुनुहुन्छ । आफ्ना श्रीमान् भारतीय सेनामा कार्यरत रहँदा उहाँचाहिं स्थानीय सामाजिक र राजनीतिक क्षेत्रमा सक्रिय रहनुभयो । फलस्वरूप पहिलो स्थानीय निकायको निर्वाचनमा उहाँ गाविसको उपाध्यक्षमा निर्वाचित हुनुभयो भने दोस्रो निर्वाचनमा उहाँ गाविस अध्यक्ष पदमा निर्वाचित हुनुभयो । हाल उहाँ गाउँ विकास समिति राष्ट्रिय महासंघको केन्द्रीय अध्यक्ष हुनुहुन्छ ।

‘वास्तवमा म जुन ठाउँमा जन्में, हुर्कें, त्यसै ठाउँमा निरन्तर काम गरेपछि अहिले आफ्नो हैसियत माथि उठाउन पाएको महसुस गरेकी छु’ सुब्बा भन्नुहुन्छ ।

तर जसको श्रीमान् विदेश गएका छैनन् उनीहरू पनि सामाजिक काममा निस्क्रिय छैनन् । व्यापक रूपमा महिला सहभागिता जुटेपछि अन्य महिलाहरू पनि सक्रिय हुन्छन्( डाँडाबजारस्थित दिदीबहिनी उत्थान समूहकी प्रबन्धक सुश्री दुर्गा रैकामगर बताउँछिन् ।

हुन पनि जसका श्रीमान् विदेशमा छन् ती महिलाहरूको व्यापक उपस्थितिले गर्दा अन्य महिलालाई पनि सामाजिक काममा सक्रिय हुन प्रेरित गरेकोले यस क्षेत्रमा महिला सहभागिता व्यापक हुन सहयोग पुगेको गाउँ विकास कार्यक्रमका नेता विदुर सुवेदी बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ( यस क्षेत्रमा महिलाहरूलाई पारिवारिक छुट पनि छ, जो अन्य ठाउँमा कम पाइन्छ । सुवेदीको अनुभवमा यस क्षेत्रमा कतिपय पुरुषहरू घरको काम गर्ने र महिलाचाहिं बाहिरको काम गर्ने चलन पनि छ । यसो गर्दा उनीहरू पालैपालो गर्ने गर्छन् ।

उता मौनाबुधुक गाविसका अध्यक्ष मानबहादुर लिम्बुचाहिं महिलाहरूको विदेश जाने चाहना कम हुनु र उनीहरूलाई अवसर पनि कम प्राप्त हुनुले यस क्षेत्रका महिलाहरू आफ्नो गाउँठाउँको सामाजिक काममा अग्रसर हुन थालेको बताउनुहुन्छ । उक्त गाविसमा सामाजिक सेवा भवन निर्माण महिलाहरूले देखाएको उत्साह निकै उदाहरणीय छ । यस्तै यहाँ ढाका कपडा उद्योग संचालन, समूहको बैठक भवन निर्माणजस्ता काम त केवल महिलाहरूको प्रयत्नले मात्र सफल भएका छन् । गाविस अध्यक्ष उहाँ भन्नुहुन्छ( वास्तवमा यस क्षेत्रमा जुटेको महिला सहभागिताबाट अन्य ठाउँले राम्रो पाठ सिक्न सक्छ ।

यस क्षेत्रमा जुट्ने महिला सहभागिताले यहाँ काम गर्ने गैरसरकारी संस्थाहरूलाई पनि सजिलो भएको छ । त्यसको अनुभव सल्भ नामक गैरसरकारी संस्थाका स्वयंसेवक सोहन श्रेष्ठलाई पनि छ । श्रेष्ठको अनुभव महिला सहभागिता यस क्षेत्रको विशेषता नै हो । श्रेष्ठ भन्छन्( पुरुषहरू विदेश जानुले पनि यस क्षेत्रमा महिला सशक्तीकरणका लागि सहयोग पुगेको छ ।

वुदिमोरङ गाविसकी अध्यक्ष महिन सुब्बा यस क्षेत्रमा देखिएको महिला सहभागितालाई अत्यन्त सकारात्मक रूपमा लिनुहुन्छ । उहाँको भनाईमा यहाँको महिला सहभागिताले महिलाहरूले पनि केही गर्न सक्छन् भन्ने उदाहरण देखाउन, सजिलो भएको छ । उहाँ भन्नुहुन्छ( यहाँका पुरूषहरू विदेश जानु यहाँका महिलाहरूले आफ्नो क्षमता देखाउने अवसर पाउनु हो ।

हाम्रो समाजको जुन संरचना छ त्यसले समाजमा अझै महिलाहरू खुलेर सामाजिक काममा सक्रिय हुने अवसरबाट वञ्चित भएकाछन् । त्यसले गर्दा महिलाहरूको प्रतिभाको परख गर्ने काम हुन सकेको पनि छैन विशेष गरी ग्रामीण क्षेत्रमा । त्यसैले सामाजिक काममा महिला सहभागिता अत्यन्तै न्यून देखिएको छ ।

तर धनकुटाको सदरमुकामदेखि पूर्वी भेगका गाविसहरूमा देखिएको महिला सहभागिताले समाज निर्माणमा महिलाहरूको ठूलो योगदान हुन सक्ने उदाहरण दिएको छ । यसलाई सबैले सकरात्मक रूपमा लिनुपर्छ

## छोरी(छोरी जन्माउनेहरूको सन्तुष्टि

केशव खनाल

पूर्वसभामुख दमननाथ ढुंगाना आफ्ना पहिलो सन्तानको रूपमा छोरीको जन्म भएकोमा गर्वित भएको स्मरण सुनाउँदै भन्नुहुन्छ( घरव्यवहारलाई व्यवस्थित र सुन्दर बनाउन छोरी अत्यावश्यक छ । हुन त उहाँका छोराहरू पनि छन् तर पनि उहाँ छोरी(छोरी जन्मेको भए पनि किञ्चित दुःख नहुने धारण अघि सार्नुहुन्छ ।

हिन्दू धर्म संस्कृतिको वकालत गर्नेहरू छोराबिनाको परिवार अपाङ्ग र अपूरो मात्र होइन अर्को जन्ममा समेत दुःख पाउने तर्क अघि सार्दै समाजलाई परम्परागत अन्धविश्वासमा कैद गर्न चाहन्छन् । आधुनिक समाजका आधुनिक शिक्षाले सुसज्जित कपियत व्यक्तिहरू आज पनि छोराको तीव्र मोहमा परिवारको क्षेत्रफल पराकिलो पारिरहेका छन् । छोराका खोजी गर्दागर्दै धेरै सन्तान जन्म दिएर अर्को जन्ममा होइन यसै जन्ममा व्यापक समस्या र गहिरो पीडा सहन बाध्य भएका छन् ।

कतिपय व्यक्तिहरू दुई वा तीन छोरी जन्मेपछि स्थायी परिवार नियोजन गरेर बसेका छन् । उनीहरूले बाहिरी रूपमा आफूलाई छोराप्रति कुनै मोह नभएको बताएपछि भित्रभित्रै अदृश्य आत्मग्लानि वा पीडाका ज्वाला दन्काएका छन् । त्यस्ता व्यक्तित्वहरूको विद्वताले उनीहरूलाई धिक्कारिरहेको छ ।

पूर्वमन्त्री एवं नेकपा एमाले स्थायी समितिका सदस्य भरतमोहन अधिकारीका तीनवटी छोरी छन् । तीनैवटी छोरीले राम्रो शिक्षादीक्षा पाएका छन् । एमाले नेता अधिकारी भने आफूलाई छोराको चाहना कहिल्यै नभएको बताउँदै भन्नुहुन्छ( छोरा र छोरीमा के अन्तर छ ? हामी त छोरीहरूबाट अत्यन्त सन्तुष्ट छौं । छोरा(छोरीबीच भिन्नताको रेखा कोर्नुहुँदैन । छोराले दिने स्याहार, सुश्रुषा एवं माया छोरीले पनि दिन सक्छन् । उहाँ चेतनाको स्तर निकै तल रहेका र परम्परागत अन्धविश्वास पालेर बसेकाहरू मात्र छोराको खोजीमा भौंतारिन्छन् भन्ने विचार अघि सार्नुहुन्छ ।

त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालका कार्यकारी निर्देशक प्रा. डा. गोविन्द शर्माकी श्रीमती रसियन हुनुहुन्छ । उहाँहरूकी एक मात्र सन्तान छोरी तानिया छन् । डा. शर्मा आफूहरूले छोराको चाहना नै नगरेको प्रसंग अघि सार्दै भन्नुहुन्छ( हामीहरूले छोरा जन्माउन सक्थ्यौं तर जन्माएनौं । हामी छोरीबाट अत्यन्तै सन्तुष्ट छौं । अर्को सन्तान छोरा नै भएको भए पनि हामीलाई यो तहको सन्तुष्टि हुने थिएन । उहाँ छोरा होस् वा छोरी एक वा दुई मात्र सन्तानले प्रशस्त सन्तुष्टि दिन्छ भन्नुहुँदै स्पष्ट पार्नुहुन्छ( मैले धेरै परिवार छोरीबाट सन्तुष्ट र सुखद् रहेको देखेको छु तर छोरैछोरा हुनेहरू आफ्नै सन्तानलाई सरापेर बसेको भेटेको छु ।

लोकसेवा आयोगका अध्यक्ष सन्तबहादुर राईका पनि छोरा छैनन् । छोरीहरूले उहाँहरूलाई छोराको आवश्यकता बोध हुन दिएका छैनन् । अध्यक्ष राई भन्नुहुन्छ( छोरीलाई राम्रो शिक्षादीक्षा दिनुपर्छ । शिक्षित र सचेत छोरीहरूले बाबुआमाप्रति आफ्ना कर्तव्य राम्रोसँग ठम्याएर सेवा गर्छन् । दाजुभाइ नभएका दिदीबहिनीहरूको मानसिकता नै छोराको जस्तो हुँदै जान्छ ।

इन्जिनियर ओमभक्त उप्रेतीले तीनवटी छोरीपछि स्थायी नियोजन गर्नुभएको छ । शुरुमा छोराको चाहना भए पनि पछि छोरीबाटै सन्तुष्ट भई आफैले स्थायी नियोजन गरेको जानकारी दिदै भन्नुहुन्छ( छोरीहरूलाई उचित शिक्षादीक्षा र इज्जतले हुर्काएपछि उनीहरूले छोराले गर्ने सबै काम गर्छन् भन्ने मेरो विश्वास छ ।

वर्तमान नेपाली समाज पितृसत्तात्मक छ । पुरुषहरू नै सर्वेसर्वा हुन् भन्ने मानसिकतामा प्वालसम्म परे पनि त्यो मानसिकता च्यात्न सकिएको छैन । छोरीको घरमा बस्ने बाबुआमालाई अपहेलित दृष्टिकोणले हेर्ने परम्परा छ । समाजमा विद्यमान यस प्रकारको मान्यतामाथि निर्मम प्रहार गर्न बाबुआमालाई श्रीमान्कै घरमा ल्याएर इज्जत साथ पाल्ने साहसी महिलाहरूको निरन्तर खाँचो छ ।

वरिष्ठ वामपन्थी बुद्धिजीवी मोदनाथ प्रश्रित छोरा र छोरीबीचको सामाजिक विभेद समाप्त पार्न समाजवाद आवश्यक हुने मान्यता अघि सार्नुहुन्छ । उहाँ भन्नुहुन्छ( बूढाबूढीको सुरक्षामा राज्यको दायित्व प्रकट हुन थालेपछि छोराछोरीको विभेद हटेर जानेछ । तर अर्काथरी केही बुद्धिजीवी भने पैतृक सम्पत्तिमा छोरीहरूको अधिकार स्थापित भएपछि छोरीहरूको बाबुआमाप्रतिको कर्तव्य र बाबुआमाको पनि छोरीहरूप्रतिको भरोसा एवं विश्वास स्वभाविक रूपमा बढेर जान्छ ।

अर्घाखाँची जिल्लाका पौडेल थरका एकजना भद्र व्यक्तिका ६ वटी छोरी छन् । छोराको आश गर्दागर्दै आधा दर्जन पुगेका ती छोरीहरूले उनले न शिक्षादीक्षा दिन सकेका छन् न राम्रो लाउन र खान नै । आफ्नो त्यस प्रकारको चिन्तनले निकै दुःख पाएको बताउने उनले आफ्नो नाम नछपाइदिन आग्रह गर्दै भने( असल सन्तान भए एउटै छोरीले पुग्छ । कुलङ्घार भए एक दर्जन छोराले पनि केही हुँदैन । म त भन्छु थोरै हुन्, राम्रा हुन् । छोराछोरी जे भए पनि हुन्छ ।

वि.सं. २०४८ सालको जनगणनाअनुसार महिलाहरू ५१ प्रतिशत र पुरुषहरू ४९ प्रतिशत रहेको पाइएको छ । छोराकै खोजी गर्दा जन्मिएका छोरीहरूले गर्दा यो प्रतिशत बढी भएको हुन सक्ने अनुमान गर्न सकिन्छ । गर्भपतनको कानून बन्ने हो र छोराप्रतिको रुचि यस्तै रहने हो भने केही वर्षभित्रैमा पुरुष र महिलाहरूको अहिलेको अन्तर उल्टो दिशामा थप अन्तरका साथ जाने सम्भावना छ ।

अर्घाखाँची जिल्लाकै सन्धिखर्ध निवासी उषा पौडेलकी एउटै मात्र सन्तान छोरी छिन् । उहाँहरू आफ्नी छोरीलाई छोरो भन्ने गर्नुहुन्छ । नियमित छोरा भन्ने बानी परिसकेर होला छोरा भन्ने सबैलाई सामान्य लाग्न थालेको छ । श्रीमती उषा पौडेल एउटा सन्तान चाहिने तर छोरा र छोरीको अन्तरले खास असर नहुने बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ( हाम्रा पनि दाजुभाइ छैनन्, बुबा

त धेरै पहिले स्वर्गेवास हुनुभयो, आमाको सेवा गरेकै छौं ।
छोराकै चाहनामा दोस्रो(तेस्रो विवाह गर्ने भूल पनि ग्रामीण समाजका युवाहरूले गर्ने गरेको देखिन्छ । पहिली श्रीमतीले छोरीछोरी जन्माई भनेर अर्की श्रीमती भित्र्याउनेहरू पनि हाम्रो समाजमा रहेका छन् । स्वास्थ्य विज्ञानले छोरा वा छोरी जन्मनुमा श्रीमतीको कुनै भूमिका हुँदैन त्यसमा पुरुषकै सर्वेसर्वा भूमिका हुन्छ भन्ने कुरा अझैसम्म राम्रो गरी बुझाउन सकिएको छैन । कानूनविद् एवं पूर्वमन्त्री सुवास नेम्वाङ छोराको चाहना गर्ने अनेक कारण रहेको चर्चा गर्दै मूल कुरा विचार एवं चिन्तनमा रहेको गलत मान्यता हो भन्नुहुन्छ । महिलाहरूलाई सम्पत्तिमाथि अधिकार दिलाएपछि छोराप्रतिको मोह घट्छ कि भन्ने प्रश्नको जिज्ञासामा कानूनविद् नेम्वाङले भन्नुभयो( आर्थिक अधिकारले बाबुआमाको सुरक्षा गर्ने दायित्वबोधमा केही वृद्धि हुन सक्ला तर मूल कुरा सोचाइ हो । त्यसैले छोराछोरीबीच कुनै अन्तर छैन भन्ने कुरा राम्रो गरी स्थापित गर्न सक्नुपर्छ । जनचेतनाको विकास भएपछि यो समस्या आमरूपमा प्रकट हुने छैन । अहिले पनि ग्रामीण र निरक्षर व्यक्तिमा छोराछोरीबीच व्यापक अन्तर देख्ने संस्कार चर्को छ ।
कतिपय व्यक्तिहरू विवाहसँगै छोरीको थर र गोत्र परिवर्तन हुने परम्पराले बाबुआमाको छोरीप्रतिको भरोसा कम हुने तर्क पनि अघि सार्छन् । उनीहरू परम्परागत वैवाहिक संस्कारमा रहेका धेरै कुरा परिमार्जन गर्नुपर्ने कुरामा जोड दिन्छन् । कन्यादान, गोत्र परिवर्तन, अर्काकै भएसकी, जस्ता शब्दले छोरीलाई बाबुआमाको अधिकारबाट खोसेको मानसिक वातावरण तयार पारेको तर्क उनीहरूको छ ।
नेकपा एमालेका प्रवक्ता प्रदीप नेपाल, नेपाली कांग्रेसका प्रवक्ता नरहरि आचार्य, राप्रपाका नेताहरू डा. प्रकशचन्द्र लोहनी र पशुपतिशमशेर राणा छोराविहीन हुनुहुन्छ । उहाँहरू सबैजनाले छोरीलाई असाध्यै माया गर्नुहुन्छ । र, छोरा नहुनुको दुःखित भाव उहाँहरू कसैमा पनि देखिन्न ।

जबर्जस्ती विवाह : महिलाको अधिकारको हनन
गंगा बी.सी.

रूकुम जिल्ला पुर्तिमकाँडाकी आइती घर्तीलाई बजर्जस्ती विवाहबन्धनमा बाँधिन बाध्य गराइयो । उनले त्यसबेला मात्रै सोह्र वर्ष टेकेकी थिइन् । उनलाई मेला हेर्न गएको बेला गाउँको बाले भन्ने व्यक्तिले जबर्जस्ती लतारेर लगेको थियो । उनको मनले पटक्कै मानेको थिएन । उनले इन्कारमा रोइकराइ हत्ते गरेर पनि केही लागेन । बालेका हातबाट भाग्ने प्रयास गर्दा पनि केही लागेन । बालेलाई उसका साथीहरूले आइतीलाई लतारपतार गर्नमा सहयोग पुऱ्याए । आखिरमा आइतीले त्यही मन नपरेको लोग्नेलाई स्वीकार्नुपऱ्यो । बाबुआमाले पनि भै त गयो भनेर बालेको हातमा सुम्पिदिए । आइती विवाह गरिसके पनि त्यहाँबाट भाग्न सक्थिन् तर समाजले उनलाई स्वीकार्न गाह्रो थियो । उनी त्यो कुरा सम्झदै भन्छिन्( म मेला हेर्न गएको बेला जबर्जस्ती ल्याएका हुन् । मेला हेरेर पर्कंदै गर्दा चियो गरेर बसेका रहेछन् । हत्तपत्त मेरो पाखुरा समातेर हाम्रो घर जाऔं भनेर लतारेपछि छाँगोबाट खसेजस्तै भएँ । नाइँ भनेर रोएँ(कराएँ । मेरो केही जोड चलेन । आखिरमा सबैले मान्न बाध्य पारेपछि लोग्नेलाई स्वीकारेकी हुँ ।
जबर्जस्ती लतारेर विवाह गर्ने प्रथालाई रूकुम जिल्लामा रक्छिने विवाह भनिन्छ । पहिलेभन्दा रक्छिने विवाह कम भए पनि अझै पनि यो प्रथा कायमै छ । यो विवाहले एकातिर महिलाको आफैंप्रतिको अधिकार खोसिएको छ भने अर्कोतिर पुरुषले महिलामाथि गरेको ज्यादती प्रष्टिन्छ ।
रूकुम जिल्ला कोटजहारी गाउँ विकास समिति वडा नं. ९ की वीरपति नेपालीलाई सोही गाउँका एकजना युवकले घाँस काट्न जंगल गएको बेला रक्छेरै विवाह गऱ्यो । उनले त्यस युवकबाट फुत्किन कैयौं कोसिस गरिन् तर उनको केही लागेन । एकपटक पुरुषले हात लगाएपछि त्यो कन्या केटी हात लाउने पुरुषको हुन्छ भन्ने पुरानो मान्यता अझसम्म पनि रहिरहेको हुनाले वीरपति पनि जबर्जस्ती सबभन्दा पहिलो हात लगाउने पुरुषकै भइन् । वीरपतिका बाबुआमा, दाजुभाइले पनि त्यही पुरानै मान्यतालाई आधार मानेर टीकाटाला लगाइदिएर विवाह गरिदिए । वीरपतिले त्यो केटीसँग विवाह गर्दिन भनेर विरोध जनाएकी हुन् तर के गर्ने ? समाजदेखि बाहिर रहेर वीरपति बेपत्ता पर्ने भएकोले त्यस्तो विपत्ति सहनुभन्दा लोग्ने स्वीकार्न बाध्य भइन् । वीरपति भन्दै थिइन्( आफ्नो मनले रोजेको केटासँग ब्या (विवाह) गर्न पाउनु पो राम्रो हो । मलाई त रक्छेर विवाह गरियो ।
३ वर्षअघि रुकुम जिल्लाकै सिम्ली गाविस सहरेकी १७ वर्षीया भद्रकली बुढाथोकीलाई पुर्तिमकाँडाका २८ वर्षीय विदुर गोर्खबहादुर बीसीले जबर्जस्ती लतारेर विवाह गरे । चार घण्टाको बाटोमा उनलाई लतार्दै घरमा ल्याइयो । आफू बजर्जस्ती अर्काको स्वास्नी हुनुपर्दाको पीरले उनले दुई दिनसम्म केही खाइनन् । उनी त्यसै त सानै उमेरमा आमाबिनाकी टुहुरी हुन् । बाबु पनि अत्यन्त गरिब भएकोले छोरीको विवाहको बारेमा केही आपत्ति जनाइएन । बरु छोरीको विवाह गर्न नपर्ने भएकोले राम्रै माने । भद्रकली लामो समयसम्म आफ्नो लोग्ने बनाउँदासँग बोलिनन् । तर बाध्यताको सामु उनको केही लागेन । आखिर मन लोग्नेसित भाँचिदाभाँचिदै पनि विवाहलाई स्वीकार्नुपऱ्यो । भद्रकली कठिनभन्दा कठिन दिन काट्दै जान थालिन् । विदुरको घर सम्हालिनसक्नु थियो । विवाह भएको २ वर्षपछि उनको मानसिक अवस्था बिग्रियो । विवाहकै कारणले उनको मानसिक अवस्था बिग्रिएको भन्ने कुरालाई समाजले बुझेन । उल्टै उनलाई बोक्सी विद्या सिक्न लागेकोले बहुलाएकी हो भनियो । अन्त्यमा स्थिति बिग्रिंदै गएर उनको मृत्यु भयो ।
पुर्तिमकाँडा गाविस वडा नं. ४ खागलकी बिर्मी नेपालीलाई बाबुआमाले कोटजहारी गाविस वडा नं.४ काप्राका करिब दोब्बर वर्ष जेठो केटासँग विवाह गरिदिए । त्यो केटोको उमेर देखेर बिर्मीले विवाह गर्दिन भनेर मरिहत्ते गरिन् तर उनको पुकार न त आमाबाबुले नै सुने न त अरू कसैले नै । सबैजना लागेर बिर्मी नेपालीको विवाह गरिदिए । एकपटक माइत आएपछि उनी मरे पनि घर नजाने अड्डी कसिन् । त्यसको एक वर्षपछि लोग्नेले विवाहमा लागेको भरन लिएर सम्बन्धविच्छेद गऱ्यो ।

छिमेकीहरूले उनलाई हराम अलच्छिन, घर खान नसक्ने भनेर आरोपको थुप्रो लगाए । आफूले दिएको घरमा नबसेपछि बाबुआमाले पनि उनलाई निको मान्न छोडे । उनी आजकाल मर्नुभन्दा बहुलाउन ठीक भनेजस्तै जिन्दगी धकेल्दैछिन् । उनी भन्छिन्( जबर्जस्ती विवाह गरिदिनेले मेरो जिन्दगी बितरामा पऱ्यो ।

जबर्जस्ती विवाहको बारेमा नेपाल बार एसोसिएसन दाङका अध्यक्ष एवं अधिवक्ता गोविन्द गौतम भन्नुहुन्छ( जबर्जस्ती विवाहले महिलाको अधिकारलाई हनन गरेको छ । त्यति मात्र होइन, जबर्जस्ती विवाह कानूनविपरीत छ । मुलुकी ऐन विवाहवारीको महल ७ नम्बरमा जबर्जस्ती केटी विवाह गर्ने/गराउनेलाई २ वर्षसम्म कैद हुन्छ । केटीले चाहेमा जबर्जस्ती विवाह बदर हुन्छ । जानेर वा नजानेर मान्छेले जबर्जस्ती विवाह गरिदिने गर्दछन् । यो महिला अधिकारविपरीत काम हो ।

यसरी कसैले छोएमा त्यो केटीलाई स्वास्नीको रूपमा स्वीकार्नुपर्छ भन्ने समाजको मान्यताका कारण आज पनि रूकुमका महिलाहरूले जबर्जस्ती विवाहलाई स्वीकार गर्नु परिरहेको छ । तर त्यसरी विवाह गर्न बाध्य पारिएका महिलाहरूको शारीरिक र मानसिक पीडाप्रति भने समाजलाई कुनै चासो छैन भनौं समाजले ख्याल गरेको छैन । कानूनी रूपले पनि अमान्य यस्ता विकृतिपूर्ण परम्परालाई बन्द गर्नका निम्ति त्यस समाजकै अग्रज सदस्य र बुद्धिजीवीहरूले पहल गर्नु जरुरी छ ।

## सुन्दर भविष्य साकार पार्न जाँड बेच्ने छात्रा हर्कमायाँ

आनन्द राई

काभ्रेपलाञ्चोक डाँडागाउँका कृष्ण भुजेललाई कक्षा छोड्ने गरेकोमा आमाबाबुले कचकच गरेपछि उनी काठमाडौं भागे । तर भोजपुर सानो दुम्माकी १३ वर्षीया हर्कमाया तामाङलाई पढ् भनेर कर गर्ने कोही छैन ।

कृष्ण अहिले सुन्धारा(लगनखेल रूटमा ट्याम्पो खलाँसी भएका छन् । हर्कमायाँचाहिं सुप्लाको मुलबाटोमा छनुवाँ जाँड बेच्दै स्थानीय श्री महादेवी निमाविमा कक्षा ५ मा पढ्दैछिन् । धेरै पढेर सक्षम महिला बन्ने सपना पूरा गर्न जाँड बेच्ने बाध्यता स्वीकारेकी हुन् उनले ।

हर्कमायाँ ६ वर्षकी हुँदा उनको बाबु बिते । तर उनका असली दुर्दिनहरू भने बाउ मरेको २ वर्ष नबित्दै आमा पोइल हिंडेपछि भए भए । उनी भन्छिन्( त्यसपछि भाइ र म साँच्चिकै टुहुरा भयौं । घरमा खानेकुरा पनि थिएन । आमा फर्केर आउँछिन् कि भनेर पर्खदै धेरै दिनसम्म रोइरह्यौं ।

शुरुका केही महिनासम्म त हर्कमायाँ र उनका भाइले आमाको थोत्रो चोलो सुँघ्दै आमाको तिर्सना मेटाउने कोसिस गरे । बेस्सरी सम्झना आउँदा वा उनलाई खोज्दै भाइ रुँदा हर्कमायाँ त्यही चोलो निकालेर भाइलाई सुँघाउँथिन् र आफू पनि सुँघ्थिन् । तर पछिबाट त चोलोमा ढुसी गन्हाउन थाल्यो( उनी भन्छिन् ।

त्यसबेला उनी कक्षा १ मा पढ्दै थिइन् । उको पढाइ रोकिने भयो । भाइ टंकबहादुर सानै हुनाले छोड्न मिल्दैनथ्यो । घरमा अन्नको दाना थिएन । यत्तिकैमा छिमेकी गम्भीरबहादुर कटुवाल र हर्कमायाँको शिक्षक मामाले एउटा उपाय निकाले । कटुवाल बाले दिएको १ पाथी कोदोलाई मामामाइज्यूले ३ पाथी बनाइदिए । गाउँका अन्य छिमेकीहरूले माना(चारमाना थपेपछि ५ पाथी कोदो जम्मा भयो । अब हर्कमायाँको खेलो चल्ने भएको थियो ।

माइज्यूले जाँड पकाइदिने भइन् । कटुवाल बाले सानो दुम्मा(१ सुप्ला मुलबाटोमा रहेको आफ्नो दोकानमा जाँड राख्न दिने भए । अब हर्कमायाँ भाइ बोकेरै स्कूल जान थालिन् । अहिले भाइ पनि २ कक्षामा पुगेको छ ।

पोहोर साल एउटा अर्को भाइ मनिराज राईलाई बोकेर आमा फर्केर आइन् । हर्कमायाँ र टंकबहादुर बेस्सरी रमाए । तर, २ दिनपछि झड्केलो भाइ मनिराजलाई छोडिराखेर आमा फेरि बेपत्ता भइन् । उनी अहिले मोरङमा तेस्रो लोग्नेसँग छिन् भन्ने कुरा हर्कमायाँले सुनेकी छिन् । मनिराज पनि अहिले दिदीकै जिम्मामा छ ।

हर्कमायाँकी आमा नीरकुमारीका बारेमा कटुवाल बा भन्छन्( बिचरी सोझी भएर आफूले पनि दुःख पाई, छोराछोरीलई पनि बिचल्लीमा पारी । जसले फकाए पनि फकिने त्यस आइमाईको सोझोपनबाट पापीहरूले फाइदा उठाए ।

हर्कमायाँलाई अहिले जाँड आफैं पकाउन सक्ने आँट आएको छ । सधैंभरि माइज्यूको भर परिरहन पनि सक्तिनन् । तर, उनीसँग ठूलो भाँडो छैन । त्यसैले तत्कालै एउटा फोसी किन्न चाहन्छिन् । तर त्यसका लागि घटीमा १२ सय नगद चाहिन्छ ।

अधिकांश समय खेलेर बिताउने उमेरकी हर्कमायाँका दिनहरू औंधी व्यस्ततामा बित्ने गरेका छन् । त्यसमाथि आमाले छोडेर हिंडेको नाबालक झड्केलो भाइले एकैछिन छाड्न मान्दैन ।

हर्कमायाँ एकाबिहानै उठेर माइज्यूले पकाएर ल्याइदिएको जाँड छान्छिन् र ५ लिटरको २ वटा भुल्टुङ (जर्किन) मा भर्छिन् । त्यसपछि भात(तिहुन पकाएर भाइहरूलाई खुवाएर आफू खाँदैमा ९ बजिसक्छ । भाइहरूलाई हत्तपत्त तल्लो बाटो स्कूल पठाएर आफू जाँडको जर्किनसहित उकालो लाग्छिन् । कटुवाल बाको दोकानमा जाँड छाडेर स्कूलतिर दौडिन्छिन् । बिहान घरमा लेखपढ गर्ने फुर्सदै हुँदैन ।

कटुवाल बा भन्छन्( धन्न स्कूल नजिकै छ र यति गर्न पाएकी छ, यस केटीले....।

दिउँसो बटुवा (भारी खेप्ने ढाक्रेहरू) हरू आफ्नो सानो पसलअगाडिको चौतारामा बिसाउनेबित्तिकै कटुवाल बा भनिहाल्छन्( दाजुभाइ हो, पेवा छनुवाले तिर्खा मेट्नुहोस् । एउटी स्कूले केटीको खाताकिताब किन्ने पेवा जाँड छ ।

यसरी जाँड बेचेर धर्म कमाउन अग्रसर कटुवाल क्षेत्री गम्भीरबहादुरले नै दिनभरि हर्कमायाँको व्यापार गरिदिन्छन् । स्कूल बिदा भएपछि उनी फर्किन्छिन् र बाँकी छनुवा बेचेर साँझ रित्तो जर्किन लिएर घर पुग्छिन् । भाइहरू भोकले रोइरहेका हुन्छन् वा थकानले गर्दा निदाइसकेका हुन्छन् । खाना पकाएर खाँदा/खुवाउँदा रात निकै बितिसक्छ । त्यसपछि उनी अँगेनाको उज्यालोमा गृहकार्य गर्न थाल्छिन् ।

मट्टीतेल किन्ने पैसा पुग्दैन । चौध रुपैयाँ माना पर्छ( उनी भन्छिन् ।

हर्कमायाँलाई धेरै पढ्न इच्छा छ। धेरै भनेको कति हो, राम्ररी थाहा नभए पनि एसएलसी पास गरेपछि सो थाहा हुने कुरा उनी बताउँछिन्।
एसएलसी पास गरेपछि त क्याम्पस पढ्न पाइन्छ। पढ्न नपाए पनि शिक्षिका हुन पाइन्छ( उनी आशा प्रकट गर्छिन्।
हर्कमायाँलाई भाइहरूलाई पनि धेरै पढाउने इच्छा छ। तर यो पेशाले उनको सपना पूरा होला त ? कटुवाल बा भन्छन्( यसरी सधैं कहाँ हुन्छ र ? तीन( तीनजना छन्। कक्षा चढ्दै जाँदा खर्च पनि बढ्दै जान्छ। कुनै दाताले हेरिदिए ठूलो पुण्य हुन्थ्यो। गाउँमा त सबैलाई आ(आफ्नै सिंगको भारीले थिचेको छ।
हर्कमायाँको विद्यालयका एक प्राथमिक शिक्षक भन्छन्( यसको इच्छा र कोसिस हेर्दा जीवनमा केही गर्छेजस्तो लाग्छ। तर सहयोग गर्न नसकिने भो। विद्यालयमा उपलब्ध हुनेसम्मको सहयोगचाहिं पाएकी नै छे।
यस्ता गरिब, दुःख र अनाथ बालबालिकाहरूलाई सहयोग गर्ने संघ/संस्था र दानी/दयालुहरू पनि शहरमा मात्रै केन्द्रित रहेको बताउँदै ती शिक्षक भन्छन्( यो कुनामा कसको आँखा पुग्छ र ?
तर हर्कमायाँ जस्तोसुकै संघर्ष गरेर भए पनि कम्तीमा एसएलसी पार गरेर शिक्षिका नभई नछोड्ने पक्षमा छिन्। भविष्यप्रति आशावादी हर्कमायाँ भन्छिन्( शिक्षिका भएपछि आफू क्याम्पस पढ्न नसके पनि भाइहरूलाई पढाउन त सक्छु नि ¤
पूर्वी भोजपुरको विकट पहाडी गाउँ सुप्लामा संघर्षरत किशोरी हर्कमायाँ तामाङको जीवन साँच्चै नै आशापूर्ण छ।

## जुम्लाका महिलाहरूमा अभूतपूर्व चेतना
युवराज गौतम

जुम्ला महत गाउँकी ५१ वर्षीया सीता महत सक्रिय समाजसेवी हुन्। उनी गाउँलेहरूलाई चुरोट, रक्सी, तमाखु र सुल्फा आदि नखान सल्लाह दिन्छिन्। धुवाँले फोक्सो खराब हुन्छ भनेर गाउँलेहरूलाई सम्झाउने गर्छिन्। त्यति मात्र होइन, गाउँको बाटो, चौतारो आदिमा जथाभावी दिसापिसाब नगर्न पनि उनले गाउँलेहरूलाई धेरैपटक सल्लाह दिइन्। कतिपल्ट त आफ्नै हातले सार्वजनिक ठाउँको दिसापिसाब सफा गरेको कुरा उनी बताउँछिन्। हवाईजहाज र हेलिकप्टरमा ओसारेर सरकारले सरल मूल्यमा बिक्री(वितरण गरेको चामलले रक्सी बनाउने गाउँलेहरूलाई उनले रक्सी नबनाउन, रक्सी नखान र नबेच्न धेरैपटक सम्झाइन्। कतिपय महिलाले अटेर गरेर रक्सी बनाइरहेकाले उनको नेतृत्वमा महिला सुधारकहरूले कैयनपटक रक्सी पोखिदिए। रातदिन चुरोट र सुल्फा खाने धर्मबहादुर महत सीताका पति हुन्। उनले पनि आफ्नै पत्नीको आग्रहमा धुम्रपान त्यागे। रक्सी खान छाडिदिए। आज महत गाउँका धेरैजसो घरमा सुर्ती खेती होइन, लहलहाउँदो तरकारी बारी देख्न पाइन्छ। सीता महत भन्छिन्( सोह्र(सत्र वर्ष पहिले मृगेन्द्र चिकित्सा गुठीले जुम्लामा धुम्रपानविरुद्ध जिल्लाव्यापी अभियान चलाएपछि यहाँका महिलाहरूले क्रमशः चुरोट, सुल्फा त्याग्न थालेका छन्। विगत दश वर्षयता मृगेन्द्र चिकित्सा गुठीका गतिविधिहरूमा सक्रिय रामजीप्रसाद पाठक भन्छन्( मैले गत वर्ष जुम्लाका धेरै गाउँहरू घुम्दा धुम्रपान गर्नेहरूको संख्या निकै कम भएको पाएँ। चुरोट र सुल्फा खानाले स्वास्थ्य र धन दुवै नाश हुन्छ भनेर गाउँलेहरूले सुर्ती खेती लगाउन छाडेका छन्। ‘काँचो’ भनेर चिनिने सुर्ती खेती जुम्लामा युगौंदेखि प्रचलित रहेको छ। त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल क्याम्पसका सहप्राध्यापक पाठकको कथन छ( जुम्लाका महिलाहरूमा अभूतपूर्व चेतना बढेको छ। उनीहरू आफ्नो र परिवारको स्वास्थ्य, शिक्षा र आर्थिक अवस्थाप्रति धेरै नै जागरुक देखिएका छन्। यो दिगो सामाजिक विकासको लक्षण हो।
जुम्लाको कार्तिकस्वामी गाविसकी अध्यक्ष पेचकुमारी न्यौपाने जिल्लाका तीसवटा गाविसहरूमध्येकै एक मात्र महिला अध्यक्ष हुन्। उनी भन्छिन्( दश(बाह्र वर्षयता जुम्लाका महिलाहरूमा निक्कै चेतना आएको छ। उनीहरू आफ्ना हक, हित र अधिकारका बारेमा खुलेर बोल्न थालेका छन्। तैपनि परम्परागत अवधारणाका कारण उनीहरूमाथि हुने गरेको उत्पीडन र शोषण रोकिएको छैन। यो पनि क्रमशः हट्ने कुरामा हामी विश्वास गर्छौं। जुम्ला सदरमुकामस्थित चन्दनाथ माध्यमिक विद्यालयकी शिक्षिका बबिता शाही भन्छिन्( जुम्लाजस्तो विकट जिल्लामा केही वर्षयता महिलाहरूमा देखिएको चेतना उत्साहप्रद छ। उनीहरूलाई अलिकति आत्मनिर्भर गराउन सक्ने वातावरण बनाइदिन सके शिक्षा, स्वास्थ्य, वातावरण आदि हरेक क्षेत्रमा उनीहरूको सहभागिता बढाउन सकिन्थ्यो।
जुम्लाका महिलाहरूले पुरुषहरूको तुलनामा धेरै नै काम गर्नुपरेको कुरा पुरुषहरू नै स्वीकार गर्छन्। मृगेन्द्र सम्झना चिकित्सक गुठीका कार्यालय सचिव गोरखबहादुर बोहरा भन्छन्( जुम्लामा पुरुषहरू प्रायः रक्सी खाने, तास खेल्ने र व्यर्थमा दिन काट्ने गर्छन्। छोराछोरी कसरी पाल्ने भन्ने चिन्ता महिलाहरूलाई बढी हुन्छ। त्यसैले उनीहरू रातदित मेहनत गर्छन्।
चन्दननाथ गाविसका अध्यक्ष तीर्थराज भारती भन्छन्( सदरमुकाम भएकोले यस गाविसका महिलाहरू बढी चेतनशील छन् तर जिल्लाका अत्यन्त्र दुर्गम गाउँहरूमा पनि चेतनाको स्तर निकै बढेको छ।
महिलाहरूमा बढेको यही चेतनाका कारण परिवार नियोजन गर्नेहरूको संख्या बढ्दै गएको छ। स्वास्थ्य कार्यकर्ता मनबहादुर भण्डारी भन्छन्( महिलाहरूले घरको काम बढी गर्नुपर्ने भएकाले प्रायः पुरुषहरू नै परिवार नियोजन गर्छन्। यसले गर्दा जुम्लामा बढी सन्तान जन्माउने चलन कम हुँदै गएको छ।
कार्तिकस्वामी गाविस निवासी ६० वर्षीय नरदल शाही हुलाकका भूपू खरिदार हुन्। उनका तीन श्रीमती, आठजना छोरा तथा ६ जना छोरी छन्। उनीजस्ता धेरै छोराछोरी हुने बूढापाकाहरू जिल्लामा धेरै छन् तर युवापुस्ता भने परिवार नियोजनप्रति निकै आकर्षित छ। देपाल गाविसका गोपाल खत्री युवा समाजसेवी हुन्। उनले २०४८ सालमा स्थायी परिवार नियोजन गर्दा उनका एक छोरा र एक छोरी थिए। गोपाल भन्छन्( दुईवटा सन्तान हुँदै परिवार नियोजन गर्नु मूर्खता हो भनेर गाउँलेहरूले मेरो खिसी गरे। कतिपयले त मलाई पागलसमेत भन्न बाँकी राखेनन्। अहिले तिनै गाउँलेहरू तैले त उचित गरेको रहेछन् भन्दैछन्

। महिलाहरूमा परिवार नियोजन, स्वास्थ्य र शिक्षाप्रति जुन चेतना बढेको छ( त्यसले पुरुषहरूलाई दबाब दिने काम गरेको छ । जुम्ला अस्पतालका चिकित्सक डा. दीपक सिग्देलको कथन छ( जुम्लामा रोगीहरूको संख्या कम नभए पनि महिलाहरूमा चेतना बढेको कारण केटाकेटीहरूको स्वास्थ्यप्रति उनीहरू धेरै होशियार हुन थालेका छन् । यो राम्रो लक्षण हो ।
पत्रकार नवराज शाही भन्छन्( पहिलेपहिले ‘काँचो’ (सुर्ती) मात्र रोप्ने महिलाहरू काउली, गाँजर, मूला, साग आदि तरकारी लगाउन थालेका छन् । परिवारको रक्षा गर्न महिलाहरूको अग्रणी भूमिका रहन्छ भन्ने कुरा महिलाहरूले बुझ्न थालेका छन् । जुम्लाका पातारासी, छुमचौर, डिल्लीचौर, गोठीचौर, पठमारा, गज्याङ्कोट, देपाल, तलिउम, लाम्रा, हाँकु, तातोपानी, कँडारी, महावै, घोडे महादेव, रारालिही, कालिका खेतु, बड्की पाण्डुगुफा, शनिगाउँ, धापा, विराट, नराकेट, बोतामालिक, बुम्रा, माडिचौर, कनिकासुन्दरी आदि गाउँ विकास समितिहरूमा केही वर्षयता देखिएको सामाजिक सुधारका कार्यक्रमहरूमा महिलाहरूको व्यापक सहभागिता देखिएको कुरा जुम्ला जिल्ला विकास समितिका सभापति तीर्थबहादुर बूढा बताउँछन् । ८६ हजार जनसंख्या रहेको जुम्लामा गत वर्ष मात्र करिब आठ सय महिलाले धुम्रपान त्यागेको कथन सहप्राध्यापक रामजीप्रसाद पाठकको छ । जनस्वास्थ्य विषयमा पच्चीस वर्ष पहिले इजरायलबाट स्नातकोत्तर तह उत्तीर्ण पाठकका अनुसार, युगौंदेखि समाजमा व्याप्त रहेको धुम्रपानको कुलत हटाउन मृगेन्द्र चिकित्सा गुठीलाई जुम्लाका महिलाहरूले ठूलो सहयोग गरेका छन् । कर्णाली अञ्चलका हुम्ला, मुगु, कालीकोट, जुम्ला र डोल्पामध्ये जुम्ला सबैभन्दा चेतनशील मानिन्छ । मोटरबाटो नपुगेको यस जिल्लामा प्रमाणपत्र तहसम्म मात्र पढाइ हुन्छ । वर्षमा तीन(चार महिना हिउँ पर्ने जुम्ला जिल्ला भूपरिवेष्ठित देशको गरिबीवेष्ठित जिल्ला भएको कुरा स्थानीय बुद्धिजीवीहरू बताउँछन् । जुम्लाका साहित्यकार तथा वरिष्ठ समाजसेवी महाशंकर देवकोटा भन्छन्( पहिले महिलाहरूमा चेतना नहुँदा बालबच्चाहरू पनि टाठा थिएनन् । अब त गाउँगाउँमा जागरण आएको छ । यसले गर्दा जनतालाई विकास(निर्माण तथा समाज(सुधारका कुराहरू सम्झाउन सजिलो भएको छ । वि.सं. २००७ सालको क्रान्तिका योद्धा महाशंकर देवकोटा ६८ वर्षका भइसके । उनको अनुभव छ( पहिले झैं विगत दश(बाह्र वर्षयता पनि जुम्लामा विकास निर्माण उत्साहजनक छैन तर यो अवधिमा चेतनाको स्तर भने बढेको छ । यो धेरै खुशीको कुरा हो । उनी भन्छन्( छोरीलाई पढाउनुपर्छ भन्ने चेतना आएको छ । महिला र पुरुषहरू समान हुन् भन्ने जागृति बढेको छ र चुरोट, रक्सी र सुल्फा खानाले बेफाइदा मात्र हुन्छ भन्ने कुरा गाउँलेहरूले बुझ्न थालेका छन् ।
शिक्षकहरूले आ(आफ्ना विद्यार्थीहरूका माध्यमबाट प्रत्येक अभिभावकहरूलाई चुरोट नखान दबाब दिइरहेका छन्( शायद यस्तो शैली काठमाडौंमा पनि छैन होला( शिक्षक राजुशरण न्यौपाने भन्छन् ।
जुम्लामा देखिएको यो चेतनाप्रति आशावादी हुँदै ‘सिबेड’ नामक गैरसरकारी संस्थाकी कार्यकर्ता मैना प्रधान भन्छिन्( जुम्लाका धेरैजसो गाउँहरूमा तमाखु र सुल्फा खाने, रक्सी खाने र श्रीमतीहरूलाई उत्पीडन दिने काम क्रमशः घट्दै गएको मैले पाएकी छु । जिल्लामा काम गर्ने गैरसरकारी संस्थाहरू, स्थानीय शिक्षक, स्वास्थ्य कार्यकर्ता आदि मात्र होइन चौध(पन्ध्र वर्षका विद्यार्थीहरूसमेत आफ्ना आमाबाबुहरूलाई खराब आदत त्याग्न दबाब दिइरहेका छन् । घरभित्रैबाट दबाब आएपछि आमाबाबुहरूले रक्सी, चुरोट र सुल्फाको कुलत त्याग्न थालेका छन् ।
हाँकु गाविसकी स्वास्थ्य स्वयंसेविका अष्टकन्या न्यौपाने भन्छिन्( अचेल कैयन अभिभावकहरू आफू चुरोट खाँदैनन् । खानेहरू पनि छोराछोरी देख्नासाथ चुरोट लुकाउँछन् । उनको भनाइ छ( आमाबाबुको स्वास्थ्यप्रति प्रायः छोरीहरू संवेदनशील छन् । जुम्लाको उदाहरणबाट प्रेरणा लिएर कर्णाली अंचलका अन्य जिल्लाहरू पनि अगाडि बढ्न सक्छन्( सहप्राध्यापक रामजीप्रसाद पाठक भन्छन् । जुम्लाको खलंगा बजारबाट तीन घण्टामा पुगिने तातोपानीका एकजना वृद्धले आफ्नो अनुभव सुनाए( पहिलेपहिले जवान छँदा ‘छोट्टी’ बन्स्या बेलामा सुल्फा, तमाखु खान सिक्या हौं । अहिले स्कूल जान्या टुके (छोरा), टुकिनी (छोरी) हरू चुरोट, तमाखु खाया भन्या रोग लाग्न्या छ भन्छन् ।
कक्षा दशमा अध्ययनरत छात्रा गोमादेवी बुड्थापा आफूले आमाबाबु र दिदीहरूलाई सम्झाइबुझाई चुरोट, तमाखु त्याग्न लगाएको बताउँछिन् । उनको भनाइ छ( सरकारले स्वास्थ्यमा करोडौं रुपैयाँ खर्च गर्नुको सट्टा रक्सी र चुरोटलाई दुरुत्साहित गरेमा ग्रामीण क्षेत्रको आधाजसो रोग निर्मूल हुने थियो ।